नेपाल राष्ट्र बैंक

प्रेस समाचार

## सञ्चालक उपाध्यायद्वारा सम्माननीय प्रधानन्यायाधीशज्यू समक्ष शपथ

अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्यायले सम्माननीय प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतज्यू समक्ष नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्यको रूपमा शपथ लिनुभएको छ ।




सर्वोच्च अदालतमा आज आयोजित एक कार्यक्रममा प्रधानन्यायाधीश राउतज्यूले उहाँलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १४ मा अर्थ मन्त्रालयका सचिव नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्य रहने व्यवस्था छ । सोही ऐनको दफा १०८ (१) मा बैंकका सञ्चालकले सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष शपथ लिनुपर्ने व्यवस्था छ ।

शपथ ग्रहण कार्यक्रममा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार देवेन्द्रराज ढकाल, रजिष्ट्रारद्वय विमल पौडेल र भद्रकाली पोखरेल, सह-रजिष्ट्रारहरू, नेपाल राष्ट्र बैंकका निर्देशक एवम् सञ्चालक समितिका सचिव मुक्तिनाथ सापकोटालगायतका अधिकारीहरूको उपस्थिति थियो ।

२०८१ फागुन १ गते

गभर्नरको कार्यालय